# महान्यायाधिवक्ताको कार्यालय

(.............प्रशासन.......... शाखा)

महान्यायाधिवक्ताको कार्यालय नेपाल

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- २४९१

मिति :- २०७५।१२।२७

विषय: परिपत्र ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त विषयमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३६ ले अभियोगपत्र संशोधन गर्न सकिने नयाँ व्यवस्था गरेको सन्दर्भमा यसका व्यवस्था र प्रक्रियाका विषयमा स्पष्ट हुनु पर्ने देखिन आएकाले उक्त दफाले गरेको व्यवस्था र प्रक्रियाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनको लागि सबै सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने भनी मिति २०७५।१२।२५ मा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको व्यवस्थापन समितिको बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ ।

**देहाय**

१) अदालतमा एक पटक दायर भईसकेको मुद्दामा थप प्रमाण फेला परी अभियोग मागदावीमा सारभूत परिवर्तन गर्नु पर्ने देखिन आएमा शुरु अदालतबाट फैसला हुनु अगावै अभियोग मागदावी संशोधन गर्न गराउन पर्नेछ,

२) अभियोग मागदावी संशोधन गर्नु पर्ने देखिएमा मूल अभियोग मागदावी संशोधन गर्नु पर्ने आधार र कारण सहित यसैसाथ संलग्न पत्रको ढाँचामा स्वीकृतिका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ,

३) महान्यायाधिवक्ताबाट अभियोग मागदावी संशोधन गर्ने स्वीकृति प्रदान भएमा सरकारी वकीलले मूल अभियोग पत्र संशोधन गर्न सम्बन्धित अदालतमा आधार र कारण खुलाई निवेदन दिनु पर्नेछ,

४) अदालतबाट अभियोगपत्रमा मागदावी संशोधन गर्ने आदेश भएमा सो आदेशको प्रतिलिपि लिई सम्बन्धित मिसिलमा संलग्न गर्नु गराउनु पर्नेछ,

..............
(गजराज घिमिरे)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\परिपत्र सम्बन्धी.docx

# महान्यायाधिवक्ताको कार्यालय

(..........प्रशासन.......... शाखा)

महान्यायाधिवक्ताको कार्यालय नेपाल

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३४९१

मिति :- २०७५।१२।२७

संलग्न:

मिति:

माननीय महान्यायाधिवक्ताज्यू,
महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

**विषय: अभियोग मागदावीमा संशोधन गर्ने स्वीकृति पाउँ ।**

उपर्युक्त विषयमा.................को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी............................ भएको ............................मुद्दामा देहायका आधार र कारणले अभियोग मागदावीमा संशोधन गर्नु पर्ने भएको हुँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३६(१) बमोजिम स्वीकृतिका लागि प्रस्तुत मुद्दाको मूल अभियोग मागदावी र थप प्रमाण कागजातहरु यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

१) मुद्दाको संक्षिप्त तथ्य:
२) मूल अभियोग मागदावीको व्यहोरा:
३) मुद्दाको हालको अवस्था:
४) थप प्रमाण कागजातको व्यहोरा र अभियोग मागदावीमा संशोधन गर्नु पर्नाको आधार र कारण:
५) अभियोग मागदावीमा संशोधन गर्नका लागि दिईने निवेदनमा राख्नु पर्ने संशोधनको व्यहोरा: ..................................................................................................................

"......................................................................................................................"

..........................................................................................................................

......................................

(......................................)

सहन्यायाधिवक्ता/उपन्यायाधिवक्ता
/जिल्ला न्यायाधिवक्ता

**वोधार्थ:**

श्री उच्च सरकारी वकील कार्यालय, ................।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा\आ.व. २०७५।७६\विविध पत्रहरु\परिपत्र सम्बन्धी.docx